नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#७५८

५ साउन २०७९

# दैनिक विपद् बुलेटिन

साउन ४ विहान १०:०० बजे देखि ५ साउन विहान १०:०० बजेसम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २१ | ० | ० | ५ | रु. ११,४९,१०० | २ | ८ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| जनावर आतङ्क | दार्चुला | दुहुँ गा.पा - ४ धारी बस्ने बर्ष ५५ की **एक महिला** र निजको २ वर्षको नाति घरभित्र आराम गरिरहेको अवस्थामा अचानक **स्याल पसि दुबैजनालाई टोकी घाइते** । | ० | ० | २ | प्र.स.नि.को टोली खटिई गई घाईतेहरुलाई थप उपचारको लागि धनगढी रिफर गरेको। |
| बाढी | नुवाकोट | अविरल बर्षाको कारण शिवपुरी गा.पा- ७ चापाकोट ठाडो खोलामा आएको **बाढी**ले काठमाण्डौबाट त्रिशुली तर्फ जादै गरेको मो.सा.लाई बगाई **चालक घाईते** । | ० | ० | १ | घाईतेलाई उपचारको लागि काठमाण्डौ लगिएको। |
| | बाँके | अविरल बर्षातको कारण खजुरा गा.पा.- ८ सुनौलटोल स्थित धानकुटाउने मिलमा पानी पसी अन्न, मिलमा जडान भएको मोटर समेत क्षति भई **१ लाख ५६ हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | दार्चुला | अविरल बर्षाका हिमाली गा.पा. स्थित क्युडी खोलाले एकवटा बाखाको **खोर बगाई** ७ वटा बाखा समेत बगाई क्षति । | ० | ० | ० | अं.प्र. पोष्टको टोली खटिई गएको। |
| | कालिकोट | राष्कोट न.पा.- ९ फुकोट स्थित फुगाई खोलामा बर्षातका कारण **पानीको बहाव बढी कर्णाली करीडोर पूर्णरुपमा अबरुद्ध** । | ० | ० | ० | सडक सूचारु गर्न आवश्यक समन्वय भईरहेको। |
| | बाजुरा | **अबिरल बर्षा**का कारण बडिमालिका न.पा.- २ भौनेरा स्थित दुईवटा घर आंशिक भत्किई क्षति । | ० | ० | ० | सुरक्षा निकायको टोली परिचालन भएको। |
| पहिरो | काठमाडौं | टोखा न.पा.- १ झोर स्थित एक घरको भूईतल्लाको जमिन एक्कासी भासिदा भाग्ने क्रममा **एक पुरुष घाईते** । | ० | ० | १ | प्रभाग टोखाको टोली खटिई गएको। |
| | काठमाडौं | तारकेश्वर न.पा- ३ पाँचमाने स्थित पासाङ ल्हामु राजमार्गमा भित्तामाथि रहेको ठूलो ढुङ्गा खसि **बाटो पूर्णरुपमा अबरुद्ध** । | ० | ० | ० | बृत्त बालाजुको टोली खटिई गएको। |
| | पाँचथर | फाल्गुनन्द गा.पा.- ३ मेची राजमार्ग स्थित पाङ्ग्रेभीरमा अविरल वर्षाको कारण माथिबाट ढुङ्गा माटोको लेदो झरी **बाटो अवरोध** । | ० | ० | ० | प्रचौ पौवासर्तापको टोली खटिई गएको। |
| | लमजुङ्ग | अबिरल बर्षाको कारण **डुम्रे बेसिशहर सडक अवरुद्ध** । | ० | ० | ० | अ.प्र. पोष्ट उदिपुरको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोल्पा | त्रिवेणी गा.पा - २ भागोबारी स्थित शहिद मार्गमा **पहिरो** आई **बाटो अवरोध** । | ० | ० | ० | चौकीबाट प्र.ब.ह.को टोली खटिई गएको। |
| **चट्याङ्ग** | बर्दिया | मधुबन न.पा- २ गंगा बटुवा स्थित एक घरमा **चट्याङ्ग** परी **आगलागी** हुँदा **५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.स.नि.को टोली खटिई गएको। |
| | कपिलवस्तु | बिजयनगर गा.पा.- ३ चौवा स्थित एक घरमा अचानक **चट्याङ्ग** पर्दा घर समान्य क्षति भई **६६ हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. पत्थरदेहियाकको टोली खटिई गएको। |
| **आगलागी** | रौतहट | गौर न.पा.- ३ रुपनगर स्थित एक घरमा ग्यास लिक भई **आगलागी** हुँदा **एक महिला घाईते** । | ० | ० | १ | घाईतेको गौर प्रादेशिक अस्पतालमा उपचार भईरहेको। |
| | संखुवासभा | धर्मदेवी न.पा.- ३ थापा गाउँ स्थित एक गोठमा अचानक **आगलागी** हुँदा गोठ पूर्णरुपमा जलि **२ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. मुढे शनिश्चरेको टोली खटिई गई आगो नियन्त्रण। |
| | कपिलवस्तु | माँयादेवी गा.पा.- ५ महादेव स्थित एक घरमा खाना पकाउने क्रममा **आगलागी** हुँदा घर र विभिन्न सामानहरु जली **१ लाख ५९ हजार १ सय रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. तुल्सीपुको टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण। |
| | कपिलवस्तु | शिवराज न.पा.*- ८ लक्ष्मणपुर घाट स्थित रामजानकी मन्दिर नजिकैको एक कुटीबाट अचानक बिद्युत सर्ट भई कुटी र जय गुरुदेवको आश्रममा **आगलागी** हुँदा नगद सहित **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | संयुक्त सुरक्षा बेश क्याम बिशनपुरको टोली खटिई गएको। |
| | सिरहा | औरही गा.पा.- ३ पिप्रा स्थित एक घरमा अचानक **आगलागी** हुँदा नगद समेत गरि **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. औरहीको टोली खटिई गएको। |
| **अबिरल वर्षा** | जुम्ला | **अविरल वर्षा**को कारण कनकासुन्दरी गा.पा.- ४ नेरेको लेकमा राखिएको एक बाखाको गोठ भत्किई १८ वटा बाखा च्यापिई १ वटाको मृत्यु । | ० | ० | ० | ईप्रका हाडसिँजाको टोली खटिई गएको। |
| | अछाम | **अबिरल बर्षाका कारण** मंगलसेन न.पा.- ६ स्थित बुढाखोला देखी दमाईखासम्म जाने पक्की सिचाईको पर्खाल भत्किई **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | बर्दिया | गुलरिया न.पा.- १ मगरैया स्थित एक घर भित्र पानी पसि **६८ हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. खैरापुरको टोली खटिई गएको। |
| **जम्मा संख्या** | **१६** | **२१** | **०** | **०** | **५** | |


**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA मा जानुहोस् ।**

| २०७९ वैशाख १ देखि साउन ५ गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| घटना | घटना संख्या | मृतक | वेपत्ता | घाईते | प्रभावित परिवार | अनुमानित क्षति रु. |
| पहिरो | ८२ | १७ | ० | २३ | १०५ | ४८१७८००० |
| बाढी | १९ | ३ | १ | ६ | २८ | ५०१९००० |
| भारी बर्षा | ५५ | ५ | ० | ६ | ५६ | १२३८९८०० |
| चटयाङ्ग | १५९ | ५४ | ० | १२८ | २२१ | २८१४००० |
| सर्पदंश | ११ | ७ | ० | ५ | ११ | ० |
| आगलागी | ६०८ | १९ | ० | ७४ | ६९१ | ६१०११२६६० |
| जङ्गल आगलागी | ५३ | १ | ० | २ | २९ | १२३८५००० |
| हावाहुरी | ९५ | ९ | ० | ३४ | २६० | २५४११८०० |
| जनावर आतंक | ५८ | १२ | ० | ४१ | ६९ | २०५६५०० |
| भूकम्प | १ | ० | ० | १ | १ | ० |
| डुङ्गा पल्टेर | १ | ० | १ | ० | १ | ० |
| **जम्मा संख्या** | **११४२** | **१२७** | **२** | **३२०** | **१४७२** | **७१,८३,६६,७६०** |

**दैनिक वर्षा (Daily Precipitation) को सारांशः**


साउन ०४ गते बिहान ०८:४५ बजे देखि साउन ०५ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०७९/०४/०५ गते बिहान ०८:४५ बजे १८९ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ९२ र स्चालितः ९७) मा मापन गरिएको गत २४ घण्टाको विवरण अनुसार १७७ वटा केन्द्रमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढी वर्षा (१७६.५ मि.मि.) कास्की जिल्लाको जुम्लेटी केन्द्रमा भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये १२४ वटा केन्द्रहरुमा १० मि.मि. भन्दा बढी, ७७ वटा केन्द्रहरुमा २५ मि.मि. भन्दा बढी, ३३ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी, ७ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी र ३ वटा केन्द्रमा १५० मि.मि. भन्दा बढी वर्षा भएको छ।





*नक्सा १: साउन ०४ गते बिहान ०८:४५ बजे देखि साउन ०५ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)*

**दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः**




*नक्सा २: साउन ०४ गते बिहान ०८:४५ बजे देखि साउन ०५ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)*




*नक्सा ३: साउन ०३ गते साँझ ०५:४५ बजे देखि साउन ०४ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)*

तालिका १: २०७९/०४/०५ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०७९/०४/०४ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ७ | – |
| १५ देखि २० | २२ | ६ |
| २० देखि २५ | ३२ | १९ |
| २५ देखि ३० | ३० | ३५ |
| ३० देखि ३५ | – | ३० |
| ३५ देखि ४० | – | ३ |
| जम्मा केन्द्र संख्या (वटा) | ९१ | ९३ |
| सबैभन्दा बढी/केन्द्र, जिल्ला | २७.० डि.से./राजविराज, सप्तरी | ३६.५ डि.से./सेमरी, परासी |
| सबैभन्दा कम/केन्द्र, जिल्ला | ११.० डि.से./हुँम्दे, मनाङ | १५.५ डि.से./हुँम्दे, मनाङ |

नोटः डि.से. = डिग्री सेल्सियस

**वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि [www.dhm.gov.np/climate/](www.dhm.gov.np/climate/)मा हेर्नुहोस् ।**